**सारांश**

# नेपाल शान्ति सहयोग

## संयुक्त अधिराज्य बेलायतले के कस्तो सहयोग गर्दछ ?

सन् २००६ मा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएपछि नेपालमा जारी द्वन्द्व समाप्त भयो। शान्ति प्रक्रियामा प्रगतिका प्रारम्भिक सङ्केतहरु देखिए । त्यसपछि भने यसको अनुगमनका सिलसिलामा उत्पन्न सामान्य कमजोरीहरुका वरिपरि नै असहमतिहरु देखा पर्न थाले । तथापि, राजनीतिक दलहरुबीच थाती रहेका सवालहरु सुल्झाउन नोभेम्बर १, सन् २०११ मा भएको महत्वपूर्ण सम्झौताका कारण शान्ति प्रक्रियाको वातावरण निकै सकारात्मक र रचनात्मक दिशातर्फ उन्मुख भएको छ। यसले गर्दा अहिले संयुक्त अधिराज्य बेलायत र अन्तर्राष्ट्रिय समुदायका तर्फबाट नेपाल सरकारको नेतृत्वमा भइरहेका प्रयत्नहरुलाई आर्थिक तथा अन्य प्राविधिक सहायता उपलब्ध गराउन र नेपालको विकासमा साथ दिन विशिष्ट किसिमको अवसरको ढोका खुलेको छ।

हाम्रा राज्यमन्त्रीले बेलायतले सहयोगका निम्ति लचकतापूर्ण प्रतिक्रिया जनाउने सङ्केत गरिसकेका छन् र आवश्यक परेका खण्डमा त्यो अग्रणी सहायता हुने जनाउसमेत दिएका छन्। अहिले बेलायत निम्न कार्यहरुका निम्ति तयार हुनु परेको छ :

- शान्ति प्रक्रियामा हाम्रो प्रतिबद्धता प्रदर्शन गर्न,
- सरकारबाट हुने अनुरोधलाई सम्बोधन गर्न, र
- कुनैपनि प्राविधिक किसिमको आवश्यकता पूरा गर्नका लागि मद्दत गर्न।

यी सबै कुराका निम्ति त्यस्तो लचिलो कार्यक्रमिक संरचना आवश्यक पर्न सक्दछ जसले तत्काल आइपर्ने अनुरोधहरुलाई सम्बोधन गर्न सकोस्।

सन् २००६ मा द्वन्द्वको अन्त्य भएदेखि नै नेपालको शान्ति प्रक्रियामा बेलायतले सहयोग गरिरहेको छ। यो सहयोग विद्यमान दुईवटा परियोजनाकै विस्तारित रुप हो। संयुक्त अधिराज्य बेलायतको अन्तर्राष्ट्रिय विकास विभाग (डिएफआइडी)ले दुईवटा अलग परियोजना र दुईवटा अलग संयन्त्रमार्फत् मार्च २००७ देखि हालसम्म शान्ति प्रक्रियाका निम्ति १ करोड ७७ लाख ५० हजार स्टर्लिङ पाउण्ड उपलब्ध गराइसकेको छ। यी दुई संयन्त्रहरुमा नेपाल पीस ट्रस्ट फण्ड (एनपीटीएफ) र नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय शान्ति कोष (युएनपीएफएन) रहेका छन्। यीमध्ये एनपीटीएफ परियोजनाअन्तर्गत ११ लाख पाउण्ड भने खर्च हुन बाँकी नै छ । यस कार्यक्रमिक-खण्ड (बिजनेस केस) अन्तर्गत बाँकी कार्यसञ्चालन योजना (ओ.पी.) अवधिमा हाम्रो थप सहायता रकम दुई करोड पाउण्डसम्म पुऱ्याउनका लागि स्वीकृतिको आवश्यकता छ। यसपछि एनपीटीएफ र युएनपीएफएनका निम्ति सन् २००७ देखि २०१४ सम्मको कुल सहायता रकम ३ करोड ७७ लाख ५० हजार पाउण्ड हुनेछ।

यी सुव्यवस्थित संयन्त्रहरु (एनपीटीएफ र युएनपीएफएन) लाई एउटै महत्वपूर्ण कार्यक्रमिक सवाल, कार्यक्रम र बजेटलाइन अन्तर्गत पनि ल्याउन सकिने छ। यसो गरेर हामी आधारभूत तहमा रहेको आवश्यकतालाई तत्काल र लचिलो ढङ्गबाट सम्बोधन गर्दै रकम निकासा गर्न सक्दछौं । हाम्रो सहायताका बृहत् लक्ष्यहरु विगतका छलफल एवम् सरकारबाट एनपीटीएफमा प्रस्तुत प्रस्तावमा आधारित रहेर तयार पारिएका छन्। तर, शान्ति प्रक्रियाका पछिल्ला चरणका कतिपय विस्तृत पक्षहरुमा

अझै पनि काम भइरहेको छ (उदाहरणका लागि, समायोजन गरिनेको सङ्ख्या, समुदायमा फर्किरहेका लडाकू (पिएलए)लाई दिइने सहायता र अन्तर्राष्ट्रिय समुदायको भूमिका) । यसको अर्थ हो, आउँदा केही महिनाभित्रै गतिविधिहरुको विस्तृत विवरण तयार गर्नुपर्ने आवश्यकता छ । त्यसैले यो कार्यक्रमिक सवालका निम्ति सहायताको बृहत् र लचिलो संरचना स्वीकृत हुनु आवश्यक छ । पछिल्लो शान्ति सम्झौताको कार्यप्रगति स्पष्ट हुँदैजानासाथ हामी केन्द्रीय कार्यालयबाट रकम निकासाका लागि अनुमति माग्नेछौं । यसका साथै, खासखास महत्वपूर्ण उपलब्धि, जोखिम र तार्किक-ढाँचा (लगफ्रेम) संशोधन समेतका विस्तृत विवरणहरु पनि प्रस्तुत गरिने छन् ।

## बेलायतको सहयोग किन आवश्यक छ ?

*हामीले के कस्ता आवश्यकतालाई सम्बोधन गर्ने प्रयत्न गरिरहेका छौं ?*

समग्रमा अन्तर्राष्ट्रिय समुदायको नेपालप्रतिको मुख्य प्राथमिकता भनेकै नेपाललाई फेरि द्वन्द्वमै फर्कनबाट रोक्नु हो । नेपालमा डिएफआइडीका कार्यक्रमको आधारभूत तहदेखिको तर्जुमा (डिजाइन) त्यसैमा आधारित छ । त्यसैले यो कार्यक्रमिक-खण्ड (बिजनेस केस)ले हाम्रो सहायता-पद्धतिको मुख्य पक्षलाई प्रतिनिधित्व गर्दछ । यद्यपि, हाम्रो धेरैजसो महत्वपूर्ण द्विपक्षीय सहायता द्वन्द्व र यसका अन्तर्निहित सवालहरु; वञ्चितीकरण, प्रजातन्त्र, अधिकार, समता, स्थानीय सशक्तीकरण र सेवामा पहुँचजस्ता मूलभूत विषयलाई गतिशील ढङ्गले सम्बोधन गर्नेतर्फ केन्द्रित छन् । त्यसैगरी, दिगो राजनीतिक व्यवस्थापनका लागि गरिएको सहयोगले पनि हाम्रो कार्य सञ्चालन योजना (ओ.पी.)लाई आधारभूत तहदेखि नै मजबुत गर्नेछ र यसले समग्रमा विकास र गरिबी न्यूनीकरणसम्बन्धी लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने छ । यो प्रस्ताव र पद्दति सन् २०११ को विश्व विकास प्रतिवेदनको निष्कर्षमा आधारित छ ।[1]

यस कार्यसञ्चालन योजना (ओ.पी.) अवधिमा डिएफआइडीले नेपाललाई ३३ करोड १० लाख स्टर्लिङ पाउण्ड उपलब्ध गराउने छ । यसले बेलायती सहयोगमा भएको महत्वपूर्ण बृद्धिलाई जनाउँदछ । तर, मुख्यरुपमा द्वन्द्वको पुनरावृत्तिले भने डिएफआइडीका कार्यक्रमका साथै अन्य दातृ निकाय र नेपाल सरकारका कार्यक्रमबाट प्राप्त हुने कुनैपनि विकासका प्रतिफलमाथि नै नकारात्मक असर पार्ने सम्भावना छ । अन्तर्राष्ट्रिय स्तरका प्रमाणहरुले पनि गृहयुद्धले कुल गार्हस्थ उत्पादन (जिडिपी) को करिब २% नोक्सान गर्दछ र यसबाट प्रत्यक्ष विदेशी लगानी तथा सरकारी विकास खर्चमा गम्भीर नकारात्मक असर पार्दछ भन्ने कुरा पुष्टि गरेका छन् । त्यसैले शान्ति सहयोग कार्यक्रम नेपालमा हाम्रो लगानीलाई सुरक्षित गर्ने एउटा त्यस्तो आवश्यकीय पक्ष हो जसले अन्तर्राष्ट्रिय समुदायसँगको साझेदारीमा दिगो विकासका जरुरतहरुलाई सम्बोधन गर्न दिगो समाधान खोज्नेछ ।

डिएफआइडीको सहयोगले 'एफसीओ' र 'एमओडी' मार्फत् बृहत् कूटनीतिक एवम् सुरक्षा सहयोगलाई पनि परिपूरण गर्नेछ । यो नेपाल सरकारको प्राथमिकता पनि हो । द्वन्द्वसम्बन्धी संयुक्त कोष (कन्फ्लिक्ट पुल) अन्तर्गत यसमा स-सानो स्तरको स्रोत पनि समावेश हुनेछ । हामी 'एमओडी' मार्फत् सैनिक-

[1] डब्लुडीआर २०११, पृष्ठ ५ मा भनिएको छ, "न्यून आय भएका नाजुक वा द्वन्द्व-प्रभावित कुनैपनि मुलुकले कुनै एउटा सहस्राब्दि विकास लक्ष्य ( एमडीजीको लक्ष्य) पनि हासिल गरेका छैनन् । नाजुक र द्वन्द्व-प्रभावित मुलुकका जनताहरु विकासशील मुलुकहरुको दाँजोमा पोषणबाट दुई गुनाभन्दा बढी वञ्चित छन्, आफ्ना बालबालिकालाई स्कुल नपठाउने सम्भावना तीन गुनाभन्दा बढी छ, पाँच वर्षको उमेरभित्रै आफ्ना बालबालिकाको मृत्यु हुने सम्भावना दुई गुनाभन्दा बढी छ र सफा खानेपानीको सुविधा नपाउने सम्भावना दुई गुनाभन्दा बढी छ ।"

सैनिकबीच सम्बन्ध र 'एफसीओ'सँगको कुटनीतिक सम्पर्कलाई नजिक ल्याउने आग्रह पनि गर्न सक्दछौं । एनपीटीएफमा विगतदेखि नै हाम्रो दरिलो सम्पर्क छ भने विस्तृत शान्ति उद्देश्यमा मद्दत गर्ने सुगठित क्षमताका आधारमा सबैभन्दा ठूलो द्विपक्षीय दाताको रुपमा पनि बेलायत नै रहेको प्रमाणित भइसकेको छ । बेलायती प्रतिबद्धताले अन्य दातृ साझेदारहरुबाट हुने सहयोगको प्रवाहमा प्रभाव पार्न समेत महत्वपूर्ण भूमिका खेल्न सक्दछ । पछिल्ला विकासका सन्दर्भमा पनि बेलायतले तत्काल लचिलो ढङ्गबाट सम्बोधन गर्नेगरी तयार हुनै पर्दछ जसले अवसरलाई जोखिमसँग होशियारीपूर्वक सन्तुलन गर्दछ ।

प्रगतिको प्रवृत्ति एकरेखीय हुँदैन । नयाँ प्राथमिकता तथा जोखिमहरु पनि कार्यक्रमको अति महत्वपूर्ण संरचनासँगै प्रकट हुन सक्दछन् । समयक्रम पनि अझै स्पष्ट हुन सकेको छैन, उदाहरणका लागि, निर्वाचनको समय पनि संविधानबाटै निर्धारित गरिने छ, जुन सन् २०१२ को मध्यतिर सम्पन्न हुने सम्भावना थियो । नेपालमा राजनीतिक सहमतिको अस्थिरताको अवस्थामा जहाँ निर्णयहरु भएपनि तिनलाई एकत्रित रुपमा सुदृढ तुल्याउने सन्दर्भमा तत्कालै सम्बोधन गर्ने प्रक्रिया निर्माण गर्नु अति जरुरी छ । दातृ निकायहरुबाट आउन सक्ने ढिलो प्रतिक्रियाको फलस्वरुप नेपाल सरकारबाट अपेक्षित कार्य हुन नसक्दा शान्ति प्रक्रिया भङ्ग हुने र मुलुकको दिगो शान्तिमा गम्भीर खतरा निम्तिने सम्भावना रहन्छ । यसबाट अन्ततोगत्वा दिगो विकासमा पनि चुनौती आउन सक्दछ र नेपालको विकासमा डिएफआइडीको विद्यमान एवम् भावी लगानी पनि जोखिममा पर्दछ । त्यसैले बेलायतको सहायता एकातिर लचिलो हुनु आवश्यक छ भने अर्कोतिर तल्लोस्तरका आवश्यकतालाई तत्काल सम्बोधन गर्ने किसिमबाट कार्यक्रम निर्माण गरिनु पर्दछ ।

*हामीले उपलब्ध गराउने सहायता कसले कार्यान्वयन गर्नेछ र समस्या सुल्झाउन हामी के गर्न सक्दछौं ?*

दातृ निकायहरुका प्रतिक्रियाको समेत संयोजन गर्दै शान्ति प्रक्रियाका प्राथमिकतालाई सम्बोधन गर्नेगरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयअन्तर्गत नेपाल सरकारको अगुवाइमा सन् २००७ मा 'एनपीटीएफ' स्थापना गरिएको थियो । हाम्रो सहायताको मुख्य ध्यान पनि यसैतर्फ लक्षित छ । सन् २००७ मै स्थापना गरिएको युएनपीएफएन पनि बाह्य प्राविधिक सहायता वा कुनै खास संवेदनशील विषयमा संलग्न गराउन सकिने सहायताद्वारा शान्ति प्रक्रियामा मद्दत पुऱ्याउन निर्माण गरिएको थियो । यसले केन्द्रीय एनपीटीएफ परियोजनालाई मद्दत गर्न कानुनी ढङ्गले विश्वसनीय भूमिका खेल्न सक्दछ र खेलेको पनि छ । खासगरी कठिन प्राविधिक एवम् संवेदनशील विषयलाई सम्बोधन गर्ने तथा संयुक्त राष्ट्रसङ्घीय विज्ञता उपलब्ध गराउने र अन्तर्राष्ट्रिय सिकाइ आदान-प्रदान गर्नेतर्फ यो केन्द्रित छ । हामी अरु विभिन्न संस्थाहरुका उपयुक्त भूमिकाका आधारमा र उनीहरुले नै तयार पारेका तोकिएका क्रियाकलाप तथा कार्ययोजनाका आधारमा त्यस्ता संस्थाहरुमार्फत् पनि सहयोग गर्दछौं । हामी छोटो अवधिका परामर्शमार्फत् कार्यक्रमका निम्ति लचिलो ढङ्गबाट बाह्य प्राविधिक सहायता उपलब्ध गराउन पनि तयार छौं । हामी कार्यक्रमहरुको प्रभाव र परिणामको बलियो अनुगमन र मूल्याङ्कनलाई पनि सुनिश्चित गर्दछौं ।

डिएफआइडीको सहयोग उत्पन्न सवालहरुलाई सम्बोधन र अनुकूलन गर्ने किसिमको हुनेछ, मुख्य पक्ष र प्रक्रियासँग प्राविधिक सहायतामा आधारित हुनेछ र जोखिमको मूल्याङ्कनसमेत राजनीतिक तथा द्वन्द्वका गतिशीलताको सुसूचित विश्लेषणमा आधारित हुनेछ । सामान्यतया: यो हाम्रो विद्यमान पद्धतिकै निरन्तरता हो । एफसीओ र एमओडीसँगको सहयोगमा डिएफआइडीले शान्ति प्रक्रियाको सहायतामा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । शान्ति प्रक्रियाका लागि प्राविधिक एवम् आर्थिक सहायता उपलब्ध गराएको छ र अन्य पक्षहरुलाई सहयोगका निम्ति उत्साहित गर्दै आएको छ । यसबाहेक एनपीटीएफको

दातृ समूहका निम्ति सचिवालय उपलब्ध गराउन र नीति निर्माण गर्न पनि हाम्रो लगानीले मद्दत पुऱ्याएको छ भने प्राथमिकताप्राप्त क्षेत्रमा केन्द्रित हुन अन्य विकास साझेदार र नेपाल सरकारलाई उत्साहित गरिरहेको छ । मुख्यतः निर्णय निर्माणमा राजनीतिक समावेशीकरण एवम् लैङ्गिक र जोखिममा परेका समूह तथा वित्तीय जोखिमको सम्बोधनमा सहयोग जस्ता जल्दाबल्दा विषयमा वकालत र पैरवी गर्नेतर्फ हाम्रो सहायताले मद्दत पुऱ्याएको छ ।

## अपेक्षित परिणामहरु के हुन् ?

नेपालमा रहेको गरिबी र सामाजिक बहिष्करणलाई कम गर्नेतर्फ सहयोग पुऱ्याई दिगो शान्ति कायम गर्न मद्दत गर्नु नै कार्यक्रमको अपेक्षित प्रभाव हो । संयोजनकारी एवम् उपयुक्त सहायताद्वारा खासगरी विस्तृत शान्ति सम्झौता (सीपीए) र अन्य शान्ति सम्झौताहरुको कार्यान्वयन गर्न नेपाल सरकार र राष्ट्रसङ्घमार्फत् नेपालको शान्ति प्रक्रियालाई मद्दत गर्नु यसले अपेक्षा गरेको परिणाम हो ।

यसका समग्र परिणामहरु निम्नानुसार सीपीए र राजनीतिक प्रगतिमा नै आधारित हुनेछन् :

**माओवादीका पूर्व लडाकूको समायोजन/पुनः एकीकरणः**

- पूर्व लडाकूको सर्वेक्षण र पुनः वर्गीकरण (रिग्रुप) गर्ने (चलिरहेको),
- माओवादीका पूर्व लडाकूको ठूलो सङ्ख्यालाई नागरिक जीवनमा पुनः एकीकरण गराउने (१३,००० सम्म) एवम् सम्भावित तालिम र परामर्श सेवाहरु जस्तैः आर्थिक सल्लाह र परामर्शको व्यवस्था गर्ने,
- पूर्व लडाकूले क्यान्टोनमेन्ट छाड्नु अघिसम्म क्यान्टोनमेन्ट व्यवस्थापनसम्बन्धी सहयोगलाई निरन्तरता दिने,
- क्यान्टोनमेन्टको समाप्तिपछि पनि आधारभूत सेवा पुऱ्याउने कुरालाई सुनिश्चित गर्न क्यान्टोनमेन्टको वरपरका क्षेत्रमा सम्भावित सहायता उपलब्ध गराउने ।

**निर्वाचनः**

- नयाँ मतदातालाई प्रशिक्षण र मतदाता दर्ताको कार्य सम्पन्न (बायोमेट्रिक आधारमा एक करोड ३० लाख मतदाताको नाम दर्ता),
- राष्ट्रिय निर्वाचनको तयारी र सञ्चालन गर्न सहायता (आह्वान गरिएको खण्डमा स्थानीय निकायको निर्वाचन समेत),
- नयाँ संविधानको मस्यौदा निर्माणको कार्य सम्पन्न, र
- निर्वाचनको तयारी ।

**संक्रमणकालीन न्यायः**

- दुईवटा नयाँ संक्रमणकालीन न्यायिक आयोगको स्थापना, र
- अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासअनुरुप आयोगका प्रभावकारी कार्यमा सघाउनका निम्ति सम्भावित प्राविधिक सहायता ।

यो सामग्री तयार पार्दाको समयमा पूर्व लडाकूका लागि प्याकेजको विस्तृत विवरणलाई अन्तिम रुप दिने कार्य भइरहेको छ तर कुनैपनि सम्झौता निकै महङ्गो हुने सम्भावना छ । वर्तमान सम्झौताअनुसार झण्डै १०,००० पूर्व लडाकूले जनही करिब रु. ५,००,००० (करिब ४,००० पाउण्ड) प्राप्त गरिरहेका छन् भने माथिल्लो तहका अरु २,७०० ले रु. ६,००,००० देखि रु. ८,००,००० (करिब ४,७५० देखि ६,३५० पाउण्ड) पाइरहेका छन् । नेपाली सेनामा प्रवेश गर्न नचाहने लडाकूका लागि यो प्याकेजको व्यवस्था गरिएको हो । यस्तो किसिमको नगद भुक्तानीमा डिएफआइडी र अन्य दाताहरुले रकम उपलब्ध गराउने सम्भावना छैन, तर उनीहरु पुनर्स्थापनाका प्याकेज उपलब्ध गराउन भने तत्पर छन्, जस्तैः तालीम, जीविकोपार्जनजस्ता कार्यक्रम तथा आधारभूत आवश्यकताका निम्ति स-सानो रकमको मासिक नगद भुक्तानी । जहाँसम्म पुनर्स्थापना प्याकेजहरुमा धेरै कमको रुचि देखिएको छ, हामीले पुन:एकीकरण वा ठूलो सङ्ख्याका लडाकूको बहिर्गमनबाट उत्पन्न हुनसक्ने जोखिमलाई कम गर्न सहायताका विभिन्न विकल्पको खोजी गर्ने कार्यहरुलाई निरन्तरता दिनेछौं । पूर्व लडाकूका निम्ति आर्थिक सहायता उपलब्ध गराउँदा नेपाल सरकारको बजेटका साथै निर्वाचनजस्ता अन्य क्षेत्रमा बढ्न सक्ने अतिरिक्त आर्थिक भार र त्यसबाट उत्पन्न हुनसक्ने परिणामलाई पनि अनुगमन गर्नेछौं ।

यस प्रक्रियाका समग्र क्रियाकलापमा द्वन्द्व प्रभावित महिला र सिमान्तीकृत समूहको संरक्षण, सहभागिता र सेवा प्रवाहलाई सुधार गर्न पनि हामी काम गर्नेछौं । करिब २५% पूर्व लडाकू महिला छन् र द्वन्द्वसँग जोडिएका गम्भीर मानवअधिकार दुर्व्यवहार महिला तथा किशोरीहरुमाथि नै भइरहेका छन् । लैङ्गिक एवम् महिलाका विषयहरुलाई शान्ति प्रक्रियाका क्रममा सदैव सोचेजस्तो राम्रोसँग सम्बोधन गरिएको छैन । शान्ति सम्झौताहरु राजनीतिक रुपमा समावेशी देखिएका छन्, तर लैङ्गिक रुपमा वञ्चितीकरणको अवस्था छ । हामीले एनपीटीएफ परियोजनालाई समावेशी बनाउने र लैङ्गिक विषयलाई प्रोत्साहित गर्ने किसिमबाट काम गरेका छौं- उदाहरणका लागि, संविधान मस्यौदामा सिमान्तीकृत समूहको समावेशीकरण र क्यान्टोनमेन्टमा महिला पूर्व लडाकूका लागि उपलब्ध गराइने सुविधाको सुनिश्चितता, तर यसमा अझै बढी काम गर्न पनि सकिन्थ्यो । युएनको संलग्नताले लैङ्गिक विषयहरुलाई कार्यक्रम निर्माण गर्ने क्रममा अझ बढी व्यवस्थित पद्धतिबाट उठान गर्न महत्वपूर्ण योगदान पुगेको छ । एनपीटीएफमा हामी यस्तै किसिमका, बढी व्यवस्थित पद्धति अपनाउनेतर्फ अग्रसर छौं ।

यो कार्यक्रमिक-खण्ड (बिजनेस केस)ले डिआरआर (प्रकोप जोखिम न्यूनीकरण) को महत्वपूर्ण विषयलाई पनि संयोजन गर्नुका साथै प्रकोप अनुकूलनलाई सुधार गर्नेतर्फ पनि संयुक्त अधिराज्यको सहायता प्रयोग गर्नेछ । खासगरी भूकम्पबाट नेपाल उच्च जोखिम र खतरामा रहेकाले यो सहायताको महत्व छ । डिएफआइडीले प्राकृतिक प्रकोप र ठूलो भूकम्प समेतबाट उत्पन्न हुनसक्ने असरलाई कम गर्न नेपाल सरकार र गैरसरकारी संस्थाहरुलाई सहयोग पुऱ्याउन आगामी चार वर्षसम्म १ करोड ७५ लाख पाउण्ड उपलब्ध गराउने छ । यस कार्यले द्वन्द्वको जोखिमलाई न्यून गर्न र मुख्य राष्ट्रिय चासोलाई राम्रोसँग सम्बोधन गर्न योगदान पुग्नेछ । केही माओवादी पूर्व लडाकूलाई नेपाली सेनाको विशेष महानिर्देशनालयमा समायोजन गरिँदैछ, जसले प्रकोप सम्बोधनका क्रममा खोजी र उद्धारजस्ता विशेषज्ञ भूमिकाको क्षमता बढाउने छ । बेलायतले यी लक्ष्य हासिल गर्नेगरी डिआरआर तालिम उपलब्ध गराउनेतर्फ विचार गर्न सक्दछ, तर सहायताको प्रकृतिको आधारमा यो कार्य द्वन्द्व कार्यक्रममार्फत् एमओडी वा एफसीओबाट प्रवाहित गर्दा राम्रो हुन सक्दछ ।

यो अति महत्वपूर्ण संरचनाअन्तर्गत नयाँ प्राथमिकताहरु पनि आउँछन् । यी सबै क्रियाकलापहरु डिएफआइडीले गर्ने सहायताका निम्ति उपयुक्त नै हुन्छन् भन्ने छैन । डिएफआइडीको कार्यविधिअनुरुप अनुकूल हुन र जवाफदेही बनाउन हामीले मुख्यमुख्य प्रत्येक क्रियाकलापका निम्ति डिएफआइडी

नेपालको केन्द्रीय कार्यालयमा मस्यौदाको पूर्ण विवरण पेश गर्नेछौं । उक्त विवरणमा बेलायती सहायताको जोखिम र लाभलाई स्पष्टरुपमा राखिने छ । यसका साथै, विवरणमा कार्यक्रमको विस्तृत खाका, लागत, व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कनको व्यवस्था पनि समेटिएको हुन्छ ।

*अपेक्षित परिणाम हासिल भए नभएको हामी कसरी निर्धारण गर्दछौं ?*

एनपीटीएफ र युएनपीएफएन दुवैसँग लगफ्रेम/अनुगमन मूल्याङ्कन ढाँचा हुनेछ जसलाई सहायता रकमको अनुगमनका निम्ति डिएफआइडी कार्यविधि मापदण्डअनुरुप अभिन्न अङ्गको रुपमा प्रयोग गरिने छ । अन्य निकायहरुबाट हुने कुनैपनि किसिमको लगानीलाई लगफ्रेम र दरिलो किसिमको परियोजना चक्र व्यवस्थापनमा आधारित तुल्याइने छ । यसबाहेक, दुवै किसिमको कोषको आफ्नै अनुगमन र मूल्याङ्कन रणनीति हुनेछ जसमा बाह्य मूल्याङ्कन, संयुक्त दातृ निकाय-सरकारी मूल्याङ्कन, नियमित प्रतिवेदन, धारणा सर्वेक्षण र अनुगमन भ्रमणहरु हुनेछन् ।

कार्यक्रममा सुधारका निम्ति आउँदा महिनाहरुमा लगफ्रेम एवम् अनुगमन तथा मूल्याङ्कन फ्रेमवर्कलाई एकीकृत गर्ने योजना पनि छन् । केही समयका लागि अति महत्वपूर्ण प्रारम्भिक लगफ्रेम उपलब्ध गराइने छ तर पछिल्लो सम्झौता स्पष्ट हुँदै गएपछि यसलाई थप विस्तार र संशोधन पनि गरिने छ ।